# मदाने गाउँपालिका

गुल्मी जिल्ला,लुम्विनी प्रदेश,नेपाल

# मदाने राजपत्र

| वर्ष : ४ | अंक : १ |
|---|---|

## भाग ३

**गाउँपालिका कार्यालयवाट मिति २०७७ असौज ३० गते मदाने गाउँपालिका भुमि बैङ्क स्थापना सम्बन्धि कार्यबिधि ,२०७७**

**सार्वजनिक जानकारीको लागि देहाए वमोजिम प्रकाशन गरिएको छ ।**

आज्ञाले

रुद्र बहादुर पछाई

प्रमुख प्रशासकीय अधिकृत

| सभाबाट स्वीकृत मिति :- | २०७७।०६।३० |
|---|---|

मदाने गाउँपालिका
पुर्कोटदह, गुल्मी
लुम्विनी प्रदेश, नेपाल

**मदाने गाउँपालिका**

# भुमि बैङ्क स्थापना सम्बन्धि कार्यबिधि ,२०७७

कार्यपालिका बाट स्वीकृत मितिः२०७७-०६-३०

प्रस्तावनाः

विश्वभर महामारीको रुपमा फैलिएको कोरोनाभाईरस (कोभिड १९ को ) कारण देश विदेशबाट यस मदाने गाउँपालिकामाफर्कनु भएका र कृषिपशुपालनमार्फत आयआर्जन र आत्मनिर्भर बन्नखोज्नु भएकानागरिकहरुलाई लक्षित गरी पालिकाभित्र रहेको बाँझो जमिन घटाई खेतियोग्यजमिनको क्षेत्रफलबिस्तार गर्दैकृषकहरुको मनोबल उच्च राख्दै बाँझो जमिनको उपयोग लाई भुमि बैंक मार्फत व्यवस्थित र प्रभावकारी बनाउनको लागी स्थानिय सरकबार ऐन २०७४ को दफा १०२ र मदाने गाउँपालिकाको प्रशासकीयकार्यविधि –नियमितगर्ने ऐन,२०७६ को दफा ४ बमोजिमको अधिकार प्रयोग गरि जारी गरीएको छ ।

**१. <u>संक्षीप्तनाम र प्रारम्भः</u>** (१)यसकार्यविधिको नामभुमि बैंक सम्बन्धिकार्य बिधि २०७७ रहनेछ ।

(२) यो कार्यविधि गाउँपालिकाबाट स्वीकृत भएपछी लागु हुनेछ ।

**२. <u>परिभाषाः</u>**विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१)गाउँपालिकाभन्नाले मदाने गाउँपालिकालाई बुझीनेछ ।

(२) कार्यालय भन्नाले गाउँकार्यपालिकालाई बुझाउँदछ । सो शब्दले वडा कार्यालय समेतलाइबुभाउनेछ ।

(३) गाउँकार्यपालिकाभन्नाले मदाने गाउँकार्यपालिकालाई बुझाउनेछ ।

(४) अध्यक्षभन्नाले मदाने गाउँपालिकाकाअध्यक्ष्यलाई सम्झनु पर्दछ ।

(५) जनप्रतिनिधिभन्नाले मदाने गाउँपालिकाका अध्यक्ष्य,उपाध्यक्ष्य,वडाध्यक्ष, कार्यपालिका सदस्य र सभाका सदस्यहरुलाईसम्झनु पर्दछ ।

(६) भुमि बैंक भन्नाले पालिकाभित्र रहेका खेतियोग्यबाँझो जमिनको उपयोग गर्नको लागिपालिकाले संचालन गरेको कार्यक्रमलाई सम्झनु पर्दछ ।

(७) प्रमुखप्रशासकीयअधिकृत भन्नाले मदाने गाउँपालिकाकाप्रमुखप्रशासकीयअधिकृत लाई बुझउनेछ ।

(८) कर्मचारी भन्नाले गाउँपालिकातथा वडा कार्यलयमाकार्यरत सम्पुर्ण कर्मचारीलाई बुझाउनेछ ।

**३. <u>भुमि बैंकः</u>**

(१) मदाने गाउँपालिकाभित्रकाबिभिन्न वडाहरुमा रहेका खेतियोग्यबाँझो जमिनको प्रयोग गर्न सथानियश्रमको व्यवस्थापनगर्दै परम्परागत खेति प्रणालिलाई आधुनिकखेति प्रणालि मार्फत व्यवसायीक खेतीगर्ने उद्देश्यले भुमिको व्यवस्थापनको लागी स्थापनागरिएको एकिकृत बाँझो जमिनलाई निम्नाअनुसार व्यवस्थितगरिनेछ ।

(२) पालिकाभित्र रहेका खेतियोग्यबाँझोजग्गातथाअन्यबाँझो जग्गाआफुले उपभोग नगरी खाली राखेकाजग्गाधनिले अनुसुचि १ बमोजिमको ढाँचामा निवेदनदिनुपर्नेछ ।

(३) उपदफा २ वमोजिम निवेदन दिएका जग्गाधनिलाई गाउँपालिकाले उचित ठानेमा उचित मूल्यमा भाडामा लिनेछ ।

(४) उपदफा २ बमोजिमको जग्गाहरु पालिकाको भुमि बैंकमादर्ता हुनेछन् ।

(५) बाझो राखिएको खेतियोग्यजमिनको उपभोग गरी कम्तीमा ३ रोपनिमा कृषिखेतिगर्न चाहाने कृषकलाई प्रति रोपनिका दरले कार्यपालिकाले तोके अनुसारको रकमका दरले नगदअनुदानउपलब्ध गराइनेछ ।

(६) बाँझो राखिएको खेति योग्यजमिनउपभोग नगर्ने जग्गाधनिले आफुले उपभोग गर्न नसक्ने भएमापालिकाले जग्गाको वर्गिकरण र उपभोग गर्न नसकेको मनासिवकारणको आधारमानिर्धारण गरेको रकममापालिकालाई कम्तिमा ३ वर्षको लागी भाडामा दिनु पर्नेछ ।

(७) आफ्नो जग्गानभएको प्रयाप्त जग्गा नभएको पालिकाकानागरिकले व्यवसायिक रुपमाकम्तिमा ३ वर्ष सम्मको लागी कृषितथापशुपालन सम्बन्धिकार्य गर्न इच्छुक भएमापालिकाको भुमि बैंकमा रहेको जग्गानिशुल्कउपलब्ध गराईनेछ ।

(८) उपदफा ५ बमोजिमको खेतियोग्यजमिनमाअनिवार्य कृषिउपजहरुको उत्पादन र बेमौसमी तरकारी खेतीनगदेबालीउत्पादनगर्नुपर्नेछ । भने अन्यबाँझो जमिनमाफलफुलकाबिरुवातथापशुपालन सम्बन्धिकाकार्यहरु गर्नुपर्नेछ ।

(९) उपदफा ५ बमोजिमउपलब्ध गराईएको जग्गामापालिकाको तर्फबाट समय समयमाआवस्यकतथाअन्यप्राबिधिक सहयोग उपलब्ध गराईनेछ ।

(१०) उत्कृष्ट कृषिउत्पादनतथापशुपालनगर्ने कृषकलाई पालिकाको तर्फबाट सम्मानगर्ने व्यस्थामिलाईनेछ ।

(११) कृषकहरुले आफुले उत्पादन गरेको कृषिउपजआफैले विक्रिवितरण गर्न नसकेको अवस्थामापालिकाले सहकारी मार्फतउत्पादित बस्तुहरुको बिक्रिवितरण गर्ने र पालिकाको कोसेलि घरमाल्याउने व्यवस्थामिलाउनेछ ।

(१२) पहिलो पटक बाँझो जमिनलाई जोति खेतिगर्न गोरु वा कृषिउपकरण प्रयोगको लागिपालिकाको तर्फबाट आवश्यकपरेमाप्रति रोपनी रु.१०००अनुदानउपलब्ध गराईने छ ।

**४. <u>बजेटतथा श्रोतको व्यवस्थाः</u>**

(१) भुमि बैंकमा रहेकाजग्गाहरु भाडामा लिनदिनको लागिआवस्यक रकमको व्यवस्थागाउँपालिकाले मिलाउनु पर्नेछ ।

(२) गाउँपालिकाले भुमि बैंक सम्बन्धिकार्य गर्दा खर्च हुने रकमपालिकाको  भुमि बैंकमा छुट्टाएको रकमबाट भूक्तानी गर्नु पर्नेछ ।तर भुमि बैंक कोषमाआवस्यक रकमको अभावभएमागाउँपालिकाले बचत रहने अन्यश्रोतबाट समेत खर्चभुक्तानीगर्न सक्नेछ ।

(३) यसरी खर्च गरिएको रकमको हिसावगाउँपालिकाले बेग्लै राख्नु पर्नेछ र सो को विवरण प्रमुख प्रसाशकीयअधिकृत मार्फत गाउँकार्यपालिकामा पेश गर्ने व्यवस्थामिलाउनु पर्नेछ ।

(४) कृषि ज्ञानकेन्द्र गुल्मीसंग समेत समन्वय गरी कृषि ज्ञानकेन्द्र र पालिकाको साझेदारीमाकार्यक्रम संचालनलाई निरन्तरतादिइनेछ ।

**५. <u>अन्य/विविधः</u>** यस कार्यविधिको कार्यन्वयनगर्दा केहि दुबिधा पर्न गएमागाउँपालिकाले आवश्यक निर्णय गरि त्यस्तो बाधा अड्काउफुकाउनआवश्यकव्यवस्थागर्न सक्नेछ ।

(२) यस कार्यविधिमागाउँकार्यपालिकाले समय–समयमाआवश्यक हेरफेर गर्न सक्नेछ ।

अनुसुचि १

दफा ३(२) संग सम्बन्धित

(बाँझो जग्गाभुमि बैंकमादर्ताको लागिदिने निवेदनको ढाँचा)

जग्गाधनिको नाम थरः..........................................................................................

ठेगानाः मदाने गाउँपालिका वडा नं ......टोल...................सम्पर्क नं ....................................

कित्ता नं. ............क्षेत्रफल..........................जग्गाको किसिम ............................................

जग्गा रहेको स्थानको ठेगानाःमदाने गाउँपालिका वडा नं ........टोल÷स्थान.................................

१. जग्गाको विवरणः

क. जमिनको बनोट (सम्मो,भिरालो,ढुङ्ग्यान,झाडी,ठुलठुला रुख भएको,जंगलमाभएको)

ख. सिंचाईको व्यवस्थाभए/नभएकोः

ग. नजिकै पानिको श्रोतभए/नभएकोः

घ. पानिको श्रोतभएकति मिटर टाढा रहेको छ ।

ङ. माटो कस्तो प्रकारको छ (रातो,बलौटे,ढुङ्गागिटि मिक्स भएको,कालो )

च. भिरालो/सम्मो बारी/खेत छ भने कति वटा छ संख्याउल्लेख गर्ने ।

छ. खेतमा गराहरु छन् भने कति वटा छन् ।

ज. पारिलो तथाओसीलो कस्तो प्रकारको छ उल्लेख गर्ने ।

२. भाडामा दिनचाहेको अवधि (कम्तीमा ३ वर्ष)

३.जग्गा सम्बन्धिअन्य कुराहरु भएखुलाउनेः

४. आफ्नो मुख्यव्यवसायः वैदेशिक रोजगारमागएको संख्याः

५. नेपालमा रोजगार प्राप्त गरेको संख्याः वेरोजगार संख्याः

६. बाँझो जग्गाआफैले प्रयोग गर्न नसक्नुको कारण ....................................................

..........................................................................................................

संलग्नगर्नुपर्ने कागजात

क. जग्गाधनिको नागरीकताको प्रमाण पत्रको प्रतिलिपि

ख. जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि

निवेदकको हस्ताक्षर ..................................

मितिः..........................